NIC BANK
Complete Financial Solutions

# नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेड
# (Nepal Industrial & Commercial Bank Limited)

The Banker
Bank of the Year 2007
NEPAL

को

## एघारौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्युट)

**१. वैधानिक सभा:**

नेपाल इण्डष्ट्रियल एण्ड कमर्सियल बैंक लिमिटेडको सञ्चालक समितिको निर्णयानुसार बोलाइएको एघारौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सुसम्पन्न भयो।

**२. सभाको मिति, स्थान र समय:**

**मिति :** २०६५ पौष २ गते बुधबार (१७ डिसेम्बर, २००८)

**स्थान :** उद्योग संगठन मोरङ्को सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर

**समय :** अपरान्ह १२:३० बजे (हाजिरी विहान ११:३० बजेदेखि १:३० बजेसम्म)

**३. सभाको सूचना:**

एघारौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संक्षिप्त वार्षिक आर्थिक प्रतिवेदन शेयरधनीहरुले बैंकलाई उपलब्ध गराएको ठेगानामा पठाउनुका साथै सभा बस्ने बारेको सूचना क्रमश: राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा २०६५ मंसिर ६ गते र अन्नपूर्ण पोष्टमा २०६५ मंसिर ११ गते प्रकाशित गर्नुका साथै बैंकको वेब साइटमा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो।

**४. शेयरधनीहरुको उपस्थिति:**

| कूल शेयधनीको संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | बाँडफाँड भएको शेयरको सभामाप्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|
| ३२६५३ (क-ख समूह) | २०९ | १०२ | ३११ | ६८.०४ |

**५. सभाको निर्णय:**

**(क) सामान्य प्रस्ताव:**

१) छलफलको लागि सभामा प्रस्तुत विषय-सूचीको (१) बमोजिमको सञ्चालक समितिको प्रतिवेदन पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

२) विषय-सूचीको (२) बमोजिम लेखापरीक्षकको प्रतिवेदनसहितको २०६५ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०६४/६५ को नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरणलाई पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नुभएको प्रस्तावलाई सर्वसम्मतिवाट पारित गरियो।

३) विषय-सूचीको (३) बमोजिम संचालक समितिले सिफारिस गरेको ३१ आषाढ २०६५ मा समाप्त भएको आर्थिक वर्षमा संचित नाफाबाट चुक्ता पूँजीको १.०५२६% लाभांश प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित भयो।

४) विषय-सूचीको (४) बमोजिम आर्थिक वर्ष २०६५/६६ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि बहालवाला लेखापरीक्षक श्री गोपाल प्रसाद राजवाहक (जि.पि. राजवाहक एण्ड कम्पनी) चार्टर्ड एकाउन्टेण्टलाई रु. १,४०,०००/- (एक लाख चालीस हजार रुपैयाँ मात्र) पारिश्रमिक दिने गरी लेखापरीक्षकमा नियुक्ति गर्ने सर्वसम्मतिबाट निर्णय भयो।

५) विषय-सूचीको (५) बमोजिम समूह "ख" का सर्वसाधारण शेयरधनीहरुमध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचनका लागि श्री राजेन्द्र अर्याल र श्री विरेन्द्र कुमार संघईको मात्र मनोनयनपत्र दर्ता हुन आएको हुँदा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री रामप्रसाद सिटौलाज्यूले वहाँहरु निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नु भयो। सभाले निर्वाचित संचालकहरुको नियुक्तिको अनुमोदन गर्दै स्वागत अभिवादन प्रकट गर्‍यो।

**(ख) विशेष प्रस्ताव:**

१) विषय-सूचीको (१) बमोजिम संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम ५ शेयरमा १ (बीस प्रतिशत) बोनस शेयरसम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नुभएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो। बोनस शेयर वितरण गर्दा दशमलवपछि आउने कित्ताका लागि पुरा एक शेयर जारी गर्न नमिल्ने हुनाले बैंकले ५:१ को अनुपातमा पूरा शेयरको मात्र प्रमाणपत्र दिने र दशमलवपछि आउने कित्तालाई सम्बन्धित शेयरधनीको नाममा नै अभिलेख राखिने, तर लाभांश रकम वितरण गर्दा सबैलाई समानुपातिक रुपले प्राप्त हुन सक्ने गरी दशमलवपछिका कित्ताको समेत लाभांश दिइनेछ। विद्यमान शेयरधनीले आफ्नो सम्पूर्ण शेयर अन्यलाई बिक्री गरेको खण्डमा नामसारी गर्दा दशमलवपछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने तर विद्यमान शेयरधनीले सम्पूर्ण शेयर बिक्री नगरी खण्डित शेयर मात्र बिक्री गरेमा दशमलव पछिका कित्ताको लगत खण्डित गरी बाँकी रहेको अन्तिम शेयरसम्म सर्ने र अन्तिम शेयर बिक्री गर्दाको अवस्थामा मात्र दशमलव पछिका कित्ता (Fraction Shares) समेत खरीदकर्ताको नाममा दाखेल हुन गई विद्यमान शेयरधनीको पूरै अभिलेख खारेज हुने सर्वसम्मतिबाट निर्णय गरियो।

२) विषय-सूची (२) बमोजिम समूह "क"का संस्थापक शेयरधनीहरुले हाल धारण गरेको चुक्ता पूँजीको ६५% शेयरमध्ये १४% शेयर "ख" समूहका सर्वसाधारण शेयरधनीको समूहमा रहने गरी नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम साधारण शेयरतर्फ परिणत गर्नेसम्बन्धी विशेष प्रस्तावलाई स्वीकृति प्रदान गरियोस् भनी अध्यक्षज्यूले राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

३) विषय-सूची (३) अन्तर्गतको संचालकहरुको बैठक भत्तामा वृद्धिसम्बन्धी प्रस्ताव प्रस्तुत भएपछि सभाको भावनालाई सम्मान गर्दै भत्ता वृद्धि नगरी साविक सरह नै कायम राख्दै प्रस्तुत प्रस्ताव फिर्ता लिएको जानकारी अध्यक्षज्यूले सभालाई गराउनु भयो।

विषय-सूची (१) र (२) बमोजिम पारित प्रस्तावका कारण बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने संलग्न अनुसूची बमोजिमको विशेष प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफल पश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट प्रस्तावित संशोधनमा प्रबन्धपत्रको दफा ५(२), ५(३), ५(४)क, ५(४)ख र नियमावलीको नियम ८(२)(ख) मा देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिबाट निर्णय भयो।

**प्रबन्धपत्र तर्फ**

| हालको दफा/ उपदफा/शिर्षक | हालको व्यवस्था | संशोधित दफा/ उपदफा/शिर्षक | संशोधित व्यवस्था |
|---|---|---|---|
| ५ (२) | बैंकको तत्काल जारी पूँजी रु. ९५,०४,००,०००/- (रु. पन्चानब्बे करोड चार लाख मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००/- दरका पन्चानब्बे लाख चार हजार थान साधारण शेयरमा विभाजन गरिएको छ। | ५ (२) | बैंकको तत्काल जारी पूँजी रु. १,१४,०४,८०,०००/- (रु. एक अर्ब चौध करोड चार लाख असी हजार मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००/- दरका एक करोड चौध लाख चार हजार आठ सय थान साधारण शेयरमा विभाजन गरिएको छ। |
| ५ (३) | बैंकको तत्काल चुक्ता पूँजी रु. ९५,०४,००,०००/ (रु. पन्चानब्बे करोड चार लाख मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००/ दरका पन्चानब्बे लाख चार हजार थान साधारण शेयरमा विभाजन गरिएको छ। | ५ (३) | बैंकको तत्काल जारी पूँजी रु. १,१४,०४,८०,०००/- (रु. एक अर्ब चौध करोड चार लाख असी हजार मात्र) हुनेछ। उक्त पूँजीलाई रु. १००/- दरका एक करोड चौध लाख चार हजार आठ सय थान साधारण शेयरमा विभाजन गरिएको छ। |
| ५(४)क | समूह "क"का संस्थापक शेयरधनीहरुको ६५ प्रतिशत। | ५(४)क | समूह "क"का संस्थापक शेयरधनीहरुको ५१ प्रतिशत। |
| ५(४)ख | समूह "ख"का सार्वजनिक रुपमा बिक्री गरिने शेयरधनीहरुको ३५ प्रतिशत। यस समूहका लागि छुट्याइएको शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ। | ५(४)ख | समूह "ख"का सार्वजनिक रुपमा बिक्री गरिने शेयरधनीहरुको ४९ प्रतिशत। यस समूहका लागि छुट्याइएको शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर बैंकका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ। |

**नियमावलीतर्फ**

| हालको नियम/ उपनियम/शिर्षक | हालको व्यवस्था | संशोधित नियम/ उपनियम/शिर्षक | संशोधित व्यवस्था |
|---|---|---|---|
| ८(२)(ख) | सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीबाट निर्वाचित २ जना। | ८(२)(ख) | सर्वसाधारण समूह (समूह "ख") का शेयरधनीहरुबाट निर्वाचित ३ जना। |

विविध अन्तरगत केही विषय नभएकाले कुनै छलफल भएन।

**द्रष्टव्य:** यो विवरण बैंकको वेबसाइट www.nicbank.com.np मा समेत राखिएको छ।